②

**बैठक नं ४ - आ.व.२०६९।०७०**

आज मिति २०६९।०७।२१ गतेका दिन बुटवल नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री खिम बहादुर रायमाझीको अध्यक्षता र देहायका आमन्त्रित वरिष्ठ अधिकृतहरु एवं अधिकृतहरुको उपस्थितिमा बुटवल नगरपालिकाको बोर्ड बैठक बसियो ।

समय : बिहान ११.०० बजे
स्थान : बु.न.पा.भवन

| सि.नं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख एवं कार्यकारी अधिकृत | श्री खिम बहादुर रायमाझी | द. |
| | आमन्त्रितहरु | | |
| १ | वरिष्ठ अधिकृत | श्री शिव नारायण शाहु | द. |
| २ | ,, ,, | श्री भुवा प्रसाद लुईटेल | – |
| ३ | सिभिल ईन्जिनियर | श्री सुमन श्रेष्ठ | द. |
| ४ | ,, ,, | श्री गौतम रौनियार | द. |
| ५ | आ.ले.प.अधिकृत | श्री लेखनाथ पोखरेल | द. |
| ६ | शाखा अधिकृत | श्री कृष्ण प्रसाद ज्ञवाली | द. |
| ७ | ,, ,, | श्री राम प्रसाद अर्याल | द. |
| ८ | ,, ,, | श्री बिजय देव भुर्तेल | द. |
| ९ | ,, ,, | श्री दिल बहादुर श्रेष्ठ | द. |
| १० | ,, ,, | श्री हरि प्रसाद आचार्य | द. |
| ११ | ,, ,, | श्री बद्रि प्रसाद पौडेल | द. |

**निर्णय नं. १**

आगामी आ.व.०७०।७१ को लागि यस बुटवल नगरपालिकाको वार्षिक वजेट नीति तथा कार्यक्रमको आन्तरिक तयारीका लागि निम्नानुसारको वजेट तयारी समिति गठन गर्ने निर्णय गरियो ।

१ प्रमुख एवं कार्यकारी अधिकृत - संयोजक
२.वरिष्ठ अधिकृत - श्री विष्णु प्रसाद खनाल - सदस्य
३. ,, ,, - श्री शिव नारायण शाह - ,,
४ ,, ,, - श्री भुवा प्रसाद लुईटेल - ,,
५.सिभिल ईन्जिनियर- श्री सुमन श्रेष्ठ - ,,
६ शाखा अधिकृत श्री कृष्ण प्रसाद ज्ञवाली - ,,
७. आ.ले.प.अ. श्री लेखनाथ पोखरेल - ,,
८. शाखा अधिकृत श्री दिल बहादुर श्रेष्ठ - ,,
९. ,, ,, श्री डोलराज पौडेल - ,,
१०. ईन्जिनियर श्री गौतम रौनियार - ,,
११. शाखा अधिकृत श्री बिजयदेव भुर्तेल - ,,
१२. ,, ,, श्री दामोदर ज्ञवाली - ,,
१३. ,, ,, श्री हरि प्रसाद आचार्य - ,,
१४. ,, ,, श्री बद्रि प्रसाद पौडेल - ,,
१५. ईन्जिनियर श्री सफिर अहमद खाँन - ,,
१६.शाखा अधिकृत श्री राम प्रसाद अर्याल सदस्य सचिव

**निर्णय नं २**

यस कार्यालयको चा.लु.आ.व.०६९/०७० का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगत बुटवल नगरको मुख्य क्षेत्र (ज्योतिपथ, मैत्रीपथ र संगमपथ) मा सौर्य उर्जा सडक बत्ती आपूर्ति जडान एवं व्यवस्थापन तथा सञ्चालन गर्ने सम्बन्धी कार्य सार्वजनिक निजी साझेदारी (बुटवल नगरपालिका, वैकल्पिक उर्जा प्रवर्धन केन्द्र, स्थानीय उपभोक्ता समिति र आपूर्तिकर्ता) अवधारणा अनुसार कार्य गराउनका लागि मिति २०६९।५।२६ मा सिलबन्दी प्रस्ताव आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएकोमा म्याद भित्र विद्युत्तिय माध्यम (E-bidding) सहित ३ तीन थान प्रस्तावहरु दर्ता हुन आएकोमा सौर्य उर्जा सडक बत्ती नगरको प्रतिष्ठा संग जोडिएको महत्वपूर्ण योजनामा प्रभावकारी रुपमा सफलता पूर्वक सम्पन्न गर्नका लागि पेश भएका प्रस्तावहरुको मूल्यांकन गर्दा आपूर्ति एवं जडानका लागि आवश्यक मापदण्ड पुरा भएको अवस्था नदेखिएको हुँदा उक्त प्रस्तावहरु रद्ध गरी पुन सूचना प्रकृया अगाडि बढाउन मिति २०६९।०७।१७ को बोलपत्र मूल्यांकन समितिको बैठकबाट सिफारिस भै आएको हुँदा उक्त सौर्य उर्जा सडक बत्ती आपूर्ति जडान एवं व्यवस्थापन तथा संचालन सम्बन्धी कार्यको टेन्डर रद्ध गरी पूनः सूचना प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ३**

यस कार्यालयको परिसर भित्र निर्माणाधिन कार्यालय भवन प्रथम र दोस्रो चरणको निर्माण कार्य सम्पन्न भैसकेको र तेस्रो चरणको काम अन्तरगत झ्याल, ढोका तथा बिद्युतीकरण बाँकी रहेकोमा उक्त बाँकी कार्यहरु सम्पन्न गर्नका लागि चा.लु. आ.व.०६९/०७० मा रु. १२०००००।- (बाह्र लाख) बिनियोजन भएकोमा प्राविधिकबाट लगत स्टीमेट गर्दा भ्याट सहित रु १७२१६८४।२९ भै आएको हुँदा उक्त स्टीमेट स्वीकृत गरी नपुग रकम नियमित तथा आकस्मिक कोष शीर्षकबाट उपलब्ध गराउने गरी कार्य प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं .४**

गत आ.व.०६८/०६९ को स्वीकृत बजेट तथा कार्यक्रम अर्न्तगत सडक बोर्ड मार्फत संचालन एवं कार्यान्वियन भै सम्पन्न समेत भएका बु.न.पा.वडा नं १०, १३ र १५ स्थित धर्मपथ, प्रगतिपथ र भूपू सैनिक पथहरुको प्राबिधिकबाट मूल्यांकन भै आए बमोजिम जाँचपास तथा फरफारक गरी अन्तिम किस्तावापतको रकम उपलब्ध गराईदिन सडक बोर्ड नेपालमा अनुरोध गर्ने निर्णय गरियो । साथै उक्त आयोजनाहरु संचालन एवं कार्यन्वयन गर्दा बचत हुन गएको रकमबाट सडक बोर्ड नेपाल संगको सहमति बमोजिम वडा नं ५ एकतापथ, वडा नं १० धर्मपथ र वडा नं १३ स्थित प्रगतिपथहरु समेत संचालन एवं कार्यन्वयन भई सम्पन्न समेत भएका हुदा उक्त आयोजनाहरुको प्राबिधिक मूल्यांकन बमोजिम जाँचपास तथा फरफारक गरी अन्तिम किस्ता बापतको रकम समेत उपलब्ध गराई दिन सडक बोर्ड नेपालमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

नगर विकास कोष काठमाण्डौको अनुदान सहयोगमा न.पा.द्वारा नगरको वडा नं ५, ६ र ७ स्थित अमरपथ सडकको पुल्चोक देखि काठेपुल सम्म सडकको दुवै तर्फ सडक पेटी (Footpath) तथा सतह नाली (Stormwater Drainage) निर्माणका लागि हिराचन- अरनिको-एसियाटिक बिनय जे.भि.बुटवललाई कार्यादेश दिएकोमा उक्त फर्मले थप कार्यादेश पाएको काम सहित कार्य सम्पन्न गरेको हुँदा उक्त योजनाको जाँचपास तथा फरक फारक समेत गरी प्राबिधिक मूल्यांकन बमोजिमको अन्तिम किस्ता बापतको रकम उपलब्ध गराई दिन नगर विकास कोष काठमाण्डौमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

यस कार्यालय अन्तरगत श्री मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना बु.न.पा.का लागि ईन्जिनियर (अधिकृत स्तर छैठौ) (प्रा.) पदको करार सेवामा नियुक्तिका लागि पदपूर्ति समितिबाट छनौट भई सिफारिस भएका श्री बु.न.पा.वडा नं ९ बस्ने केशव बहादुर पहारीका छोरा उमेश पहारी संग नियमानुसार करार सेवा अन्तरगत समझौता गरी नियुक्ति गर्न परियोजना तर्फ सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

चालु आ.व.०६९।०७० असोज मसान्त सम्ममा बिभिन्न शिर्षकहरुमा रु.४,८३,४५,७०५।६४ आम्दानी र सोही अवधिमा उपभोग खर्च, सेवा खर्च, फिर्ता सम्पुरक कोर्ष, पूर्वाधार विकास, प्रर्वधनात्मक कार्यक्रम, लक्षित समूह कार्यक्रम र गत आ.व.को भुक्तानी गर्नु पर्ने रकममा रु. ४,५३,९१,४७४।५६ खर्च भएको व्यहोरा आजको बैठकमा जानकारी भयो ।

**अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुख एवं कार्यकारी अधिकृतबाट आजको बैठक समाप्त गर्नु भयो ।**